"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

............... शाखा

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या: ०७८/०७९

मिति:२०७८/१०/१७

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/१०/१८

व्यास नगरपालिकाको आ.व २०७८/०७९ को बर्षिक स्विकृत कार्यक्रम अनुसार सहकारी मार्फत उत्पादन र बजारीकरण/विक्रिका आधारमा तपसिल अनुदानका (Output Based Subsidy) कार्यक्रमहरु रहेकोले सो कार्यक्रममा आफू मातहतका सदस्य कृषकहरूलाई संलग्न गराउन ईच्छुक दर्तावल सहकारी संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहाय अनुसारको कागजातहरू र आवेदन सहित व्यास नगरपालिकामा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि व्यास नगरपालिकाको पशुपन्छी विकास उपशाखामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

**कार्यक्रमहरू:**

| क्र.सं. | परियोजना | अधिकतम अनुदान सहयोग | कुल वजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सहकारी मार्फत दुध उत्पादन बजारिकरण अनुदान कार्यक्रम प्रती लिटर रु.१ को दरले | १५००००० लि. | १५००००० (पन्द्र लाख) | |
| २. | सहकारी मार्फत खसी/बोका उत्पादन तथा बिक्रीमा आधारित अनुदान कार्यक्रम प्रती के.जी रु.१० को दरले | बढीमा ५०,००० के.जी | ५००००० (पाँच लाख) | |

**आवश्यक कागजतहरू:**

१. अनुसूची -२ अनुसारको आवेदन फारम।
२. स्थायी लेखा नम्बर र सहकारी दर्ताको प्रमाणपत्र प्रतिलिपि।
३. अघिल्लो आ.व को कर चुक्ता प्रमाणपत्र।
४. नियमित रुपमा साधारण सभा र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि।
५. सम्बन्धित वडाको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
६. सहकारी संस्थाको कार्य समितिको निर्णय प्रतिलिपि।
७. जिल्ला सहकारी संघमा दर्ता भएको हकमा उक्त संघको सिफारिस र संघबाट वा अन्य सङ्गठित संस्थाबाट दुध खरिद भएमा उक्त संस्थाबाट प्रमाणित प्रथम चौमासीकको दुध सङ्कलन रिपोर्ट।
८. नया आवेदन सहकारीको हकमा गत वर्षमा दुध/खसी/बोकको कारोबार गरेको अभिलेख पेश गर्नुपर्ने र गत वर्षमा अनुदान प्राप्त गरेको सहकारीहरुको हकमा अनुदान प्राप्त गर्दाको बखत पेश गरेको पछिल्लो उत्पादनमा कम्तिमा १० प्रतिशत थप कारोबार गरेको हुनुपर्ने र सोको अभिलेख पेश गर्नुपर्ने।

डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

*(थप जानकारीको लागि, पशुपन्छी विकास उपशाखा:९८४६०९०६५०, ९८६०३८७४०६)*

## अनुसूची-२

## दुग्ध उत्पादक सहकरी संस्थाले दिने आवेदन पत्रको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
व्यास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
दमौली ,तनहुँ

**विषयः दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान (Output Based Subsidy) कार्यक्रममा सहभागी हुन पाउँ।**

महोदय,

प्रस्तुत विषयमा मिति ........................ मा प्रकाशित सूचना अनुसार यस दु.उ.स. संस्था लि. ले उत्पादन र बजारीकरणका आधारमा अनुदान (Output Based Subsidy) कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारकोविवरण भरी निवेदन पेश गरेका छौं ।

### तपसिल

१) कूल सदस्य संख्याः ....................
२) गत वर्ष कूल दूध संकलन लिः (औषत दैनिक ...... लि., मासिक...... लि. र वार्षिक ...... लि.)
३) गत वर्ष कूल अधिकतम दूध संकलनः ...... महिना, ............. लि.
४) गत वर्ष कूल न्यूनतम दूध संकलनः ...... महिना, ............. लि.
५) संस्थाबाट संकलित दूध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदिको नाम र ठेगानाः
क) ..........................
ख) ..........................
६) मिल्क एनालाईजरको प्रयोग भएको नभएको
७) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण
८) जम्मा संकलन केन्द्र संख्याः.............
९) रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएकोः.............
१०) दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राख्ने/जानकारी दिने गरेको/नगरेकोः .............
११) आफ्नो चिलिङ सेन्टर भएको/नभएकोः.............
१२) दूध विविधिकरण र विक्री वितरण गरेको/नगरेकोः.............
क) गरेको भए कुन/कुन पदार्थ बनाउने गरिन्छ ............. दैनिक औषत परिमाण ...........
ख) विक्री गर्ने बजार /स्थल ...........
१३) सहकारी दर्ता/नविकरणको प्रमाण पत्रः.............
१४) कुनै प्रकारको कार्वाहीमा नपरेको बारेको स्वघोषणाः.............
१५) कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड
१६) कर चुक्ता प्रमाण पत्र
१७) गत आ.ब. को लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि